# भजनसंग्रहको पुस्तक
# (Psalms)

**(मिशन समाचार सहित)**


**लेखक:**

ड्रागोसलाभा सानट्राक
(Dragoslava Santrac)

**भावानुवादक:**

**भजुराम तखाछैं श्रेष्ठ**



**हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट**

**सन् २०२४ (बि.सं. २०८०)**


<u>ईन्टरनेट वेबसाईटहरु</u> :

- *https://www.nepalworks.com/bhajupurna*
- *https://www.sabbathschoolpersonalministries.org/international*
- *https://shekinahonme.weebly.com/sabbath-school-lessons.html*
- *https://www.fustero.es/index_ne.php* (पावर प्वाँइन्टको निम्ति)

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**
प्रथम संस्करण : २०८० (ई.सं. २०२४)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८४०२९२७८५
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
☎ ९८४३२२८६०६

वितरकः कुबेर लामिछाने
☎ ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

**भजनसंग्रहको पुस्तकः परमेश्वर र मानिसमा आत्मियता जोड्दै मिलन**

साहित्य शैलीमा छन्। त्यहाँ उल्लेख गरिएका स्तुति, प्रशंसा, व्यक्त गरिएका आनन्द र शोक र नैराश्यका भावनाहरू व्यक्तिगत रूपमा मनन गरेका छन् भने सार्वजनिक थलोहरूमा गाएका छन्। सर्वसाधारण मानिसहरू, राजा, कवि, पुजारीहरूले गाएका थिए। धार्मिक र पश्चाताप गरेका पापीहरूले तिनीहरूलाई रचेका थिए। परमेश्वरमा विश्वास गर्ने मानिसहरूले ती भजनहरू प्रार्थना र भजनकोरूपमा पुस्तौं पुस्तासम्म प्रयोग गरिरहेका छन्। भजनसंग्रहको आफ्नै विशेषता छ। बाइबलका प्रायजसो सबै पुस्तकहरूले हामीसँग बोल्दछन् भने भजनसंग्रहले हाम्रो निम्ति र हामीसँग बोल्दछन्। भजनसग्रह आशिष, आशा र पुनर्जागरणका स्रोतहरू हुन्। व्यक्तिगत आत्मआलोचना गर्ने र व्यक्तिगत जीवनका आशय खोतल्दछन् भने परमेश्वरका महानताहरूलाई यसले प्रतिबिम्बित र वर्णन गर्दछ। पापबाट स्वतन्त्र भएका मानिसहरूको भित्रीदेखिनै गरेका चित्कारहरू व्यक्त गरेका छन् भने युद्धबन्दीको मारमा परिरहेका मानिसहरूले परमेश्वरतिर मन फर्काएर उहाँमा समर्पित भावनाहरू भजनमा व्यक्त गरेकाछन्। कतिपय मानिसहरूका आफ्नै भावना र अनुभवहरूको प्रतिध्वनी गर्दछन् भने कतिपयले आफ्नै प्रार्थनाहरूलाई परिरमार्जित गरेर यसलाई प्रयोग गरेकाछन्। यसरी प्रयोग गरिएको यो पुस्तकको उपादेयीताप्रति कसैले अनौठो मान्नु आवश्यकछैन। पन्द्रौं शताब्दीका इसाई सुधारवादी अगुवा मार्टिन लुथरले भजनको पुस्तकको बारेमा मुक्तकंठले प्रशंसा गर्दछन् यसरी सटिकरूपमा व्यक्त गरेका थिएः" परमेश्वरप्रतिको स्तुति, प्रशंसा र आनन्द र आभारलाई आदर्शरूपमा व्यक्त गर्ने शब्दहरू भजनको पुस्तकमा बाहेक अन्त कहाँ पाइएला? यसमा सन्तहरूका हृदयका भावनाहरू व्यक्त गरेको पाइन्छ। जब भजनको पुस्तक तपाईंहरूले पढ्नुहुन्छ तब तपाईंहरू सुन्दर र रमणीय फूलको बगैंचामा घुमिरहनुभएको पाउनुहुन्छ। भजनको पुस्तक अध्ययन गर्दा मानौं हामी माथि नक्षत्रतिर हेरिरहेको अनुभव गर्दछौं। पापले गर्दा हृदयविधारक शोक र चित्कारका भावनाहरू यसमा भन्दा अन्त कहाँ पाइन्छ र? पाप, अधर्म, अत्याचार र दुष्टतामा चुर्लुम्म रमाउनेहरूप्रति परमेश्वरको क्रोधका आगोमा तिनीहरूको भविष्यलाई जल्दोबल्दोरूपमा प्रस्तुत गरेको सन्तहरूले हेर्न वाध्य भएको दृश्य

पनि भजनको पुस्तकमा तपाईंहरूले हेर्न सक्नुहन्छ। त्यसैकारण भजनको पुस्तक सबै सन्तहरूको निम्ति अति प्रिय किन भयो भन्ने कुरो हामी सजिलैसँग बुझ्न सक्छौं। प्रत्येक व्यक्ति र प्रत्येक अवसरमा भजनको पुस्तकमा भएको साम्रग्री उपयोगी भएको पाइएको छ। यो पुस्तक पाठकको आत्मिक, मानसिक आवश्यकता यसरी पूरा भएको वा उपयुक्त भएको देख्दछ कि मानौं त्यो पुस्तक उसैको निम्ति लेखिएको हो। यो पुस्तकमा लेखिएका शब्दहरू अतुलनीय छ वा अरू कुनै पनि पुस्तकमा पाइन्दैन। यसमा लेखिएको जस्तो उच्च कोटीका शब्द वा सामग्रीको बराबरीमा अरू कुनै पुस्तक पनि छैन।"- *मार्टिन लुथरस्ः सेलेक्सन फ्रम हिज राइट्ङ्गिस्,* जोन डिलेनबर्गरले सम्पादन गरिएको (न्यु योर्कः आन्कर, १९६२) पृ ३९,४०।

भजनको पुस्तकले उपलब्ध गराएको हाम्रो जीवन परिवर्तन गर्ने अनुभवमा सामेल हुनु आवश्यक छ। पुस्तौंदेखि विश्वासीहरूले गाएको, त्यसमा आधारित प्रार्थनाको शक्तिलाई हामीले पनि उपभोग गर्न हामीलाई आह्वान गरेको नपन्छाऔं। स्तुति, प्रशंसा, बिन्ति, पापको स्वीकार, बिलाप र धन्यवाद सार्बभौम परमेश्वरलाई युगौदेखि विश्वासीहरूले चढाइरहेको स्तोत्रमा हामी पनि समावेश हुन सक्यौं भने हामीले परमेश्वरको अनुग्रह, माया, सहनशीलता, क्षमाशीलता र न्यायको विद्याको आत्मिक ज्ञान र ज्योति हासिल गर्न परमेश्वर सक्छौं।

तब भजनको कुनै मन्त्र वा धर्मको प्रक्रिया पूरा गर्न औपचारिकरूपमा पाठ गरेमात्र पुग्दछ र? के यसलाई केलाएर अध्ययन गर्नु जरुरी नै छ त? बाइबलको कुनै पनि पुस्तक जस्तै भजनको पुस्तक पनि विशेष ऐतिहासिक पृष्ठभूमिमा, आत्मिक शास्त्रिय ज्ञान र साहित्यीक सन्दर्भमा लेखिएको थियो। आधुनिक पाठकवर्गहरूलाई भजनको पुस्तक हृदयमा सिंगार्ने अभिप्रायले यो अध्ययन पुस्तक लेखिएको हो। भजनको पुस्तक परमेश्वरका जनहरूको प्रार्थना हो। जब येशू मानव अवतार लिएर आउनुभयो तब उहाँले यही पुस्तकमा आधार गरेर प्रार्थना गर्नुभएको थियो। तर यो पनि हामीले ख्याल गर्नु जरुरी छ कि यस पुस्तकमा केही हदसम्म येशूको जीवनीमा आधारित हामीलाई प्रस्तुन गरिएको प्रार्थना हो। तिनीहरू मानव प्राणीलाई प्रकट गरिएको परमेश्वरका मर्म, भावना, योजना र लक्षहरू हुन्। भजनको पुस्तकको अध्ययनको अर्को लक्ष हो यसमा परमेश्वरले गर्नुभएका कामहरू, उहाँले गरिरहनुभएका कामहरू र यस संसारक निम्ति येशूले गर्नुभएका कामहरू सिक्नु हो।

भजनको पुस्तक १५० कविताहरूको संगालो भएतापनि यो जसरी पायो त्यसरी राखिएको संगालो होइन। परमेश्वरको धेरै मानिसहरूको साधारणतया आत्मिक यात्राको साक्षी यस पुस्तकमा कोरिएको छ। भजनसंग्रहको यात्राको सुरु परमेश्वरमाथिको अगाढ आस्था वा विश्वासबाट सुरु हुन्छ। परमेश्वरको प्रभुत्वमा हामी रह्यौंभने हाम्रो जीवनले दिगो र सुरक्षित पाउँछ भनेर बताइएको छ। धर्मी, असल र उचित काम गर्नेहरूले इनाम पाउँछन् भने दुष्ट,, खराब, स्वार्थी, अरूको मोलमा आफ्नो भाउ खोज्ने, निर्दयी र आतङ्ककारीहरूले दण्ड भोग्नुपर्नेछ भनेर खुलासा गरिएको छ। जब हामी यस पुस्तको अध्ययनमा अघि बढ्छौं एउटा तितो सत्यलाई पनि हामी स्वीकार्न पुग्छौं। परमेश्वरमाथि आस्था राखेर असल, न्यायोचित र अरूको भलोको निम्ति व्यवस्थितरूपमा बाँच्न चाहेतापनि हामीलाई बाधा दिन, ध्वस्त पार्न वा बिचलित पार्न सैतान र उसका मतियारहरूले भरमग्दुर प्रयास गरिरहेका छन् भनेर यही पुस्तकमा हामी नियाल्न पुग्नेछौं। तब के परमेश्वरको प्रभुत्व कायमै छ त? यस संसार हाम्रो निम्ति बिरानो देश हो, तैपनि विश्वासीहरूले प्रभुको प्रशंसा वा स्तुति कसरी गाउने त?

हाम्रो जीवनको यात्रामा परमेश्वरप्रतिको विश्वास अझ गाढा होस् भन्ने यस लेखिका र प्रकाशकको चाहना हो। यही पुस्तकबाट हामीले परमेश्वरलाई दिनदिनै भेट्न खोजौं। उहाँसँग दिल खोलेर आत्मियतामा बाँड्दै त्यस दिनसम्म अघि बढ्दै जाऔं जुन दिनमा प्रभु येशूसङ्ग मुखामुख भेट्नेछौं।

यस अध्ययन पुस्तिकाका लेखिका ड्रागोसलाभसान्ट्राक पुरानो करारमा पिचडी गर्नुभएको थियो। उहाँ सेभेन्थ-डे एडभेन्टिस्ट इन्साइक्लोपिडियाको व्वस्थापक निर्देशक हुनुहुन्छ। यो निकाय सेभेन्थ-डे एडभेन्टिस्टको विश्वको मूख्यालय जनरल कन्फरेन्समा छ। उहाँले सेभेन्थ-डे एडभेन्टिस्ट इन्टरनाशनल बाइबल कमेन्टरीको निम्ति भजन ७६-१५०को ठेली लेख्नुभएको थियो।

# विषयसूची

| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | भजनसंग्रहको पुस्तक कसरी पढ्ने | १ |
| २. | प्रार्थना गर्न हामीलाई सिकाउनुहोस् | २१ |
| ३. | परमेश्वरको सर्वोच्चता कायम | ३९ |
| ४. | परमप्रभु परमेश्वरले सुन्नुहुन्छ र उद्धार गर्नुहुन्छ | ५७ |
| ५. | बिरानो देश वा सनातन सृष्टिकर्ता साबथको परमेश्वरलाई ... | ७२ |
| ६. | म उठ्नेछु | ९१ |
| ७. | तपाईंको दया र करुणा सारा जगत् ब्रम्हाण्डहरूमा पुग्दछ | १११ |
| ८. | धार्मिक जीवनशैली अपनाउन ज्ञान, बुद्धि | १२५ |
| ९. | प्रभुको नाउँमा आउने उहाँ धन्यका हुनुहुन्छ | १४० |
| १०. | विगतबाट सिक्ने पाठहरू | १५७ |
| ११. | सियोनमा परमेश्वरको ज्यादै चाहना गर्नु | १७७ |
| १२. | कहिल्यै अन्त नहुने परमेश्वरको आराधना | १८९ |
| १३. | परमप्रभुको प्रतिक्षा गर्नु | २०५ |

# अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन चेत्र १६, २०८० (March 29, 2024) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पुस १४-२० (December 30- January 5) |
| २ | अध्याय २ | पुस २१-२७ (January 6-12) |
| ३ | अध्याय ३ | पुस २८-माघ ५ (January 13-19) |
| ४ | अध्याय ४ | माघ ६-१२ (January 20-26) |
| ५ | अध्याय ५ | माघ १३-१९ (January 27-February 2 ) |
| ६ | अध्याय ६ | माघ २०-२६ (February 3-9) |
| ७ | अध्याय ७ | माघ २७-फाल्गुन ४ (February 10-16) |
| ८ | अध्याय ८ | फाल्गुन ५-११ (February 17-23) |
| ९ | अध्याय ९ | फाल्गुन १२-१८ (February 24-March 1) |
| १० | अध्याय १० | फाल्गुन १९-२५ (March 2-8) |
| ११ | अध्याय ११ | फाल्गुन २६-चेत्र २ (March 9-15) |
| १२ | अध्याय १२ | चेत्र ३-९(March 16-22) |
| १३ | अध्याय १३ | चेत्र १०-१६ (March 23-29) |